जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९
जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९
"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"
शुभआरम्भ
Shubharambh National Daily राष्ट्रिय दैनिक
वर्ष ४ अंक ७७ २०८१ साल कार्तिक १४ गते बुधवार Wednesday-30-October-2024 पृष्ठ संख्या-४ मूल्य रू.५/-

# इनर्वा गाउ हुदै निर्वाध रुपमा तस्करी सुरु, स्थानीय प्रहरी प्रमुख मुखदर्शक

*पर्सा, १३ कार्तिक*

पर्सा जिल्लाको एक मात्र तस्करीको अखडाको रुपमा बनेको इनर्वा गाउका प्रहरीहरुकै सहयोग र संरक्षणमा तस्करी फस्टाउदै गएको बुझिन्छ । राति मात्र नभई दिनदहाड तस्करहरुले टेम्पुको माध्यमले तस्करी गर्न सकृय रहेको एक भिडियो क्लिपले प्रष्ट पारेको बुझिएको हो ।

इनर्वा गाउ हुदै दर्जनौ तस्करहरु सकृय रुपले अवैध धन्दा अर्थात गैरकानुनी रुपले मालसमान आयात निर्यात गरेपनि स्थानीय प्रहरी प्रशासन रकममा लिप्त हुने गरेको इनर्वा गाउ प्रहरीको काम कारवाहीले प्रष्ट हुन्छ । इनर्वा गाउको चौक लगायत बलिरामपुर जाने पुल नजिकै ड्युटी खटी बाहिरको टोली माथि निगरानी बढाउदै तस्करीको मालसमान नेपाल भित्रयाउन मदत समेत गर्ने गरेको एक स्थानीय बृद्धले बताए । उनका अनुसार दिन त दिन रातिको समयमा पनि तस्करहरुको लस्करै लाग्ने गरेको बताए । रातिमा तस्करहरुको लस्करले गर्दा स्थानीयवासीहरु सुत्न समेत नसकेको बृद्धको गुनासो रहेको थियो । उनले रातिको समयमा साइकलको माध्यमले तस्करहरु अवैध तरिकाले कपडा, हार्डवेयरका साथै हालको समयमा पटका समेत नेपाल भित्रयाई इनर्वा गाउमा राखिने र दिउसो तिर टेम्पुको माध्यमले वीरगंजको बिभिन्न ठाउहरुमा पुरयाउने गरेको बताए ।

अर्का एक जना स्थानीय युवाका अनुसार प्रहरीले नै तस्करहरुलाई सघाउन थालेपछि गुहार गर्न कहा जाने भन्दै प्रश्ण तेर्साए । जो जागि आएपनि कानै चिरेको उख्खान झै प्रहरी चौकी इनर्वामा जो कमाण्डर आएपनि आर्थिक लोभ र लालचमा फस्ने गरेको कारण तस्करी कार्य रोक्न नसकिएको बताए । उनले तस्करहरुको सम्राज्यमा केहि स्थानीय युवा लागेका कारण गाउ नै दुखित बन्न पुगेको दुखेसो पोखे । यस बिषयमा जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी प्रमुख लगायत मधेस प्रहरी प्रमुख समेतको ध्यान पुग्न अति अवाश्यक देखिन्छ ।

# बिस लाख क्युनटल उखु क्रसिङ्ग गर्ने बाबा बैजुनाथ सुगर मिलको तयारी

श्री बाबा बैजुनाथ सुगर & केमिकल ई.(प्रा.लि.)
कटहरिया न.पा.९, डुमरिया
रौतहट, नेपाल

बैजु प्रसाद बाबरा
सँचालक

*प्रेमचन्द्र झा*
*रौतहट, १३ कार्तिक*

श्रीबाबा बैजुनाथ सुगर एण्ड केमिकल ईन्डष्ट्रिज प्राईवेट लिमिटेड कटहरिया ९ रौतहटले कार्तिक १९ गतेको शुभ साईतमा डोगां पुजा गर्ने भएका छन । उघोगले यश क्रसिङ्ग सिजन २०८१/०८२ का लागि २० लाख क्युन्टल उखु पेलाई गर्ने अनुमानित लक्ष्य लिएका छन । गत वर्षमा १२लाख ५० हजार सात सय ७७ कयुन्टल उखु पेलाई गरि ९० हजार क्युन्टल चिनी उत्पादन गरेका थिए । यश वर्ष उघोगलाई रौतहटका पांच हजार किसानले उखु दिने सर्वे गराएका छन । रौतहटबाट मात्र ११ लाख क्युन्टल उखु प्राप्त गर्ने उधोगका प्रमुख सञ्चालक बैजु प्रसाद बाबराले बताए । पाच वर्ष देखि उधोग सञ्चालनमा रहेकोमा हरेक बर्ष किसानले उखु बिक्री गरे बापत समयमा भुक्तान गर्दै आएको सञ्चालक बाबराले भने। उनले दिएको जानकारी अनुसार सो उधोग ६३ करोड घाटामा रहेका छन । किसानको सुविधाको लागि उधोग सञ्चालन गरेको दावी गर्दै उधोग माथि कुनै किसानको रकम बाकी नरहेको बताए । गत आर्थिक बर्ष देखि नै उधोग आफ्ना खर्च धान्ने अवस्थामा आउन थालेको बताउदै यश बर्ष गरेको अनुमान अनुसारको उखु पाउन सके भने नाफामा जाने उनले दाबी गरे । सर्लाही, बारा, पर्सा र धनुषाका किसानहरुबाट नौ लाख क्युन्टल उखु प्राप्त हुने उधोगका केन मैनेजर सियाराम साहले बताए । गत वर्षको तुलनामा यश वर्ष देखि उखु खेती बढदै जाने मैनेजर साहले दावी समेत गरेका छन ।

विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।
सम्पर्क नम्बर : ९८४५२२६३०५

कलैया उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कलैया, बारा
मधेश, प्रदेश (नेपाल)

## गँहुको उन्नतबीउ आपुर्ति सम्बन्धि शिलबन्दि दरभाउ पत्र पेश गर्ने सम्बन्धि सुचना

(प्रकाशित मितिः २०८१।०७।११)

क) शिलबन्दि दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समयः २०८१/०७/२५गते ५:०० बजे सम्म
ख) शिलबन्दि दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति र समयः २०८१/०७/२६गते१२:००बजे सम्म
ग) शिलबन्दि दरभाउपत्र खोलिने मिति र समयः २०८१/०७/२६गते२:००बजे सम्म

यस कार्यालयको तपसिलका कामको लागि ईजाजत प्राप्त संस्था , फर्म र कम्पनीले शिलबन्दि दरभाउपत्र पेश गर्नुहुन अनुरोध छ।

| दरभाउ पत्र | कामको विवरण | खरिद गरिने अनुमानित परिमाण | धरौटी रकम | जम्मा अनुमानित रकम | दरभाउ पत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | गँहुको उन्नत जातको विउ (विजय र NL 971) खरिद गर्ने कार्य | २२ मे.टन | कबोल अंकको २.५प्रतिशत | १९,८०,०००/- | १०००/- |

- बीउबिजन नियमावली २०६९ अनुसार, बीउबिजन आपुर्तिकर्ताको हकमा बीउ बिजन व्यवसायी अनुमतीपत्र प्राप्त गरेको इच्छुक बिक्रेता र बीउ उत्पादक समूह , सहकारी र कम्पनीले मात्र शिलबन्दि दरभाउ पत्र पेश गर्न सक्नेछन्।
- आपुर्ती गरिने बीउको हरेक लटको आधिकारिक प्रयोशालाबाट जारि भएको प्रयोगशाला परिक्षण (Germination, Purity, and Moisture) रिपोर्ट, स्रोत बीउ खरिद गरेको स्रोत तथा परिमाण , अंन्तिम खेत निरिक्षण प्रतिवेदन समेत पेश गर्नुपर्ने छ।
- विस्तृत सुचना र अन्य शर्तहरू यस कार्यालयको वेवसाईटमा प्रकाशित गरिएको छ ।

धरौटी रकम जम्मा गर्ने बैंकको विवरण

कार्यालयको नामः- कलैया उपमहानगरपालिकाल, कलैया, बारा
बैंकको नामः- राष्ट्रिय वाणिज्य बैंक, कलैया शाखा
खाता नं:. १२६०१००३०३०००००४

प्रमुख प्रशासकिय अधिकृत

# लेखापढी सिम्रौनगढद्वारा शुभ दिपावली तथा छठ पर्वको शुभकामना आदानप्रदान

नेपाल लेखापढी कानुन व्यवसाय एसोसिएसन
इकाई कार्य समिति सिम्रौनगढ बारा द्वारा
शुभकामना आदान प्रदान कार्यक्रम

*शु.आ. सम्बाददाता*
*बारा , १३ कार्तिक*

लेखापढी कानुन ब्यवसाय एसोसिएसन इकाई कार्य समिति सिम्रौनगढ बारा द्वारा शुभ दिपावलि तथा छठ पर्वको पावन अवसरमा शुभकामना अदान प्रदान सिम्रौनगगढ नगरपालिका स्थित रहेको मालपोत कार्यलयको प्राङ्गणमा मँगलबार सम्पन्न भएको छ ।

उक्त कार्यक्रमको प्रमुख अतिथि मालपोत कार्यलय सिम्रौनगढको प्रमुख कौशल किशोर झा रहेका थिए । भने अध्यक्षता लेखापढी इकाई अध्यक्ष रामलाल प्रसाद यादवको रहेको थियो । बिशिष्ट अतिथिमा नापी कार्यलयका निमित कार्यलय प्रमुख तैयव अन्सारी रहेको थियो ।

कार्यक्रममा लेखापढी अवास अँसारीले मालपोत कार्यालयबाट सबै कागजात तयारी गरेर नापिमा पठाउदा छिटो हुने काम समेत ढिलो हुने बताएका छन् । पैसाको चलखेल तथा गतिविधि सेटिङ मिलाउनेको काम चाडै हुने गरेको समेत दाबी गरेका छन् । यस्तो किसिमको प्रबृत्ति बदलुनु पर्न अति आवश्यकता रहेको बताएका छन ।

यस्तै लेखापढी इकाईका अध्यक्ष रामलाल यादवले मालपोत कार्यालय अन्तर्गतका सबै कर्मचारीले ईमान्दारी काम गर्न बताएका छन् रु । मालपोत कार्यलय सिम्रौनगढमा ल्याउनको लागि धैरै पटक हामिले कलैयामा आन्दोलन गरेको सम्झना गरेका छन् । साथै रात्रीकालिन पाल पटी टाँगेर आन्दोलन गरेको समेत बताएका छन् ।

सिम्रौनगढमा मालपोत आए पछि किसानको काम सहज तरिकाले गरेर केन्द्र सम्म नाम कमाउनु पर्ने समय आएको समेत बताएका छन् ।

उक्त कार्यक्रममा मालपोत कार्यालय सिम्रौनगढका सम्पुर्ण कर्मचारी लगायत लेखापढीहरुको सहभागिता सम्पन्न भएको थियो ।

समाजिक सञ्जालको दुरूपयोग नगरौं ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - पचरौता नगरपालिका, बारा

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com

## सम्पादकीय..............

# अराजकताको डर

सिंहदरबार नजिकै रहेको माइतीघर मण्डलामा सहकारी पीडितहरुले प्रदर्शन गरिरहेका छन् । सहकारी पीडित बचतकर्ता महासंघको आयोजनामा उनीहरुले प्रदर्शन गरिरहेका हुन् । प्रदर्शनकारीले यसअघि सरकारबाट भएका सम्झौताहरु कार्यान्वयन हुनुपर्ने माग राखेका छन् । माइतीघर मण्डलामै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेताहरुको पनि प्रदर्शन चलिरहेको छ । केही दिन पोखरामा प्रदर्शन गरेका रास्वपाका नेताहरु अहिले राजधानी फर्केर माइतीघर मण्डलामा प्रदर्शन थालेका छन् । रास्वपाका कार्यकर्ताले पनि सहकारी पीडितलाई न्याय दिनुपर्ने प्लाकार्ड बोकिरहेका छन् । तर रास्वपा कार्यकर्ताले सहकारी पीडितलाई न्याय दिनुपर्ने प्लाकार्ड बोके पनि अन्तर्य भने आफ्ना पार्टी रवि लामिछानेलाई हिरासतबाट छुटाउनु हो । गत २ कात्तिकमा सहकारी बचत रकम अपचलनको आरोपमा पक्राउ परेका रविलाई पोखरा लगिएपछि रास्वपाका कार्यकर्ताहरु पनि त्यही गएका थिए । तर तिहार अघि रवि नछुट्ने पक्का भएपछि उनीहरु राजधानी फर्किएर प्रदर्शन थालेका हुन् ।

रास्वपाले अदालतको निर्णयलाई प्रभावित बनाउनेगरी प्रदर्शन गरिरहेपछि वास्तविक सहकारी पीडितहरुले पनि प्रदर्शन थालेका हुन् । यदि रविको पक्षमा प्रदर्शन हुन्थेन भने उनीहरुले यो समयमा सडक प्रदर्शन नगर्न सक्थे । तर ठगी आरोपमा परेका रविकै पक्षमा सडक प्रदर्शन हुन थालेपछि पीडितहरुले चुप लागेर बस्न नसकेको बुझ्न गाह्रो पर्दैन । अर्थात् माइतीघर मण्डलामा अहिले एकप्रकारले धेरैले नहोस् भनेको प्रदर्शन भइरहेको छ । किनकि नेपाली राजनीतिमा रास्वपालाई वैकल्पिक शक्तिमा रुपमा हेरिएको थियो । टेलिभिजन प्रस्तोताको जागिर छोडेर पार्टी घोषणा गरेको पाँच महिना नपुग्दै २० सिट (उपचुनावपछि २१ सिट) सहित प्रतिनिधि सभाको चौथो शक्ति बन्न सक्नुको अर्थ रास्वपाप्रति नागरिकको आशाा थियो । पुराना राजनीतिक शक्तिहरुले गल्ती नसच्याएपछि रास्वपालाई विकल्पका रुपमा मतदाताले हेरेको बुझ्न गाह्रो पर्दैन ।

तर विकल्पका रुपमा हेरिएको रास्वपाले अहिले जे गरिरहेको छ, त्यसले आमनागरिकमा रहेको नयाँ शक्तिप्रतिको विश्वासमै घात भइरहेको छ । पार्टी सभापतिका निम्ति विधिको शासन र न्यायिक प्रणालीकै ध्वज्जी उडाउनेगरी प्रदर्शन गर्दा सहकारी पीडितका निम्ति रास्वपा लड्छ भन्ने विश्वास कमजोर भइरहेको छ । तर अहिलेसम्म पनि रास्वपामा व्यक्ति, संस्था र जनतामा रहेको विश्वासलाई चिन्ने सामर्थ्य देखिदैन । रास्वपाकै अपिल बमोजिम प्रदर्शन बढ्ने हो अराजकताको शासन स्थापित हुनेछ । सर्वसाधरण नागरिकको पक्षमा कोही नरहेको बुझाइले देश छोड्ने प्रवृत्तिमा परिवर्तन आउने छैन । नागरिकमा निराशा बढेर जाने, विधिको शासनप्रति विश्वास कमजोर बनाउने र न्याय सम्पादनमै बितृष्णा जगाउने कार्यलाई प्रोत्साहन गर्ने हो भने समाजको थिति भत्किएर जानेछ । तसर्थ अहिले रास्वपाले चलाइरहेको प्रदर्शनलाई हेलचेक्र्याइ गरिनु हुन्न । गम्भीर भएर निर्णयप्रति पुनर्विचार गर्न आवश्यक छ ।

# सहकारीका सात सिद्धान्त

### रूप खड्का

सहकारी भनेको सदस्य केन्द्रित व्यवसाय हो जुन विभिन्न व्यक्तिहरू स्वेच्छिक रूपमा एकजुट भई आफ्ना साझा आर्थिक, सामाजिक तथा सांस्कृतिक आवश्यकता तथा आकांक्षाहरू पूरा गर्नका लागि सञ्चालन गरिन्छ । यसमा सदस्यहरूको संयुक्त स्वामित्व हुन्छ र एक सदस्य एक मतका आधारमा यसलाई प्रजातान्त्रिक हिसाबले नियन्त्रण गरिन्छ । सर्वसाधारणलाई व्यवसायको संयुक्त मालिक वा व्यापार साझेदार बन्ने मौका दिने सहकारीका सदस्यहरूनै मालिक, निर्णयकर्ता तथा ग्राहक हुन ।

सहकारीका सिद्धान्तहरूको विकास सन् १८४४ मा बेलायतमा “राचडेल सोसाइटी अफ इक्विटेबल पायनियर्स”को नामले विश्वको पहिलो आधुनिक सहकारी संस्था स्थापना गर्ने राचडेल अग्रगामीहरूले गरेका हुन्। तिनीहरूले सहकारी सञ्चालन गर्नका लागि खुला सदस्यता, प्रजातान्त्रिक नियन्त्रण, शिक्षाको प्रवर्द्धन, राजनीतिक र धार्मिक तटस्थता, व्यापारको आधारमा बचतको वितरण, पुँजीमा सीमित ब्याजको भुक्तानी र नगद व्यापारजस्ता सात नियमहरू तर्जुमा गरेका थिए ।

यी नियमहरूमध्ये कतिलाई जस्ताको तस्तै र कतिलाई परिमार्जन गर्नका साथै केही नयाँ सिद्धान्तहरू थप गरेर सन् १९९५ मा अन्तर्राष्ट्रिय सहकारी गठबन्धनले सहकारीका सात सिद्धान्तहरू प्रकाशमा ल्याएको थियो । जसको आधारमा विश्वभरका सहकारी संस्थाहरू सञ्चालन भैरहेका छन् ।

नेपालको सहकारी प्रणाली पनि सहकारीका विश्वमान्य सिद्धान्तका आधारमा तर्जुमा गरिएको भए पनि खासगरी केही ठूला बचत तथा ऋण सहकारी संस्थाका सञ्चालक/व्यवस्थापकहरूले ती सिद्धान्तहरूको व्यापक रूपमा उल्लघन गरेको पाइएको छ । र सरकारले त्यसको नियमन गर्न नसकेकोले मुलुकमा सहकारी समस्या विकराल भएको छ । सहकारीमा देखा परेका विकृति तथा बेथितिहरू हटाएर आगामी दिनमा सहकारीलाई सहकारीका मूल्य, मान्यता तथा सिद्धान्तअनुसार सञ्चालन गर्ने वातावरण तयार गर्नु पर्दछ ।

राचडेल अग्रमागीहरूले सहकारीको सदस्यता सबैको लागि खुला हुनु पर्दछ भनेर विकसित गरेको मूल मान्तयाका आधारमा सहकारीको सेवा उपभोग गर्न र सदस्यतासम्बन्धी नियम पालना गर्न चाहने सबैका लागि सदस्यता खुला हुनुपर्दछ भन्ने सिद्धान्त विश्वभर फैलिएको छ । सदस्यता दिने सम्बन्धमा कसैलाई पनि जाति, वर्ण, धर्म, लिंग, राजनीतिक तथा आर्थिक स्थितिका आधारमा भेदभाव गर्नु हुँदैन । सहकारीमा सकेसम्म धेरैलाई आबद्ध गराउनका लागि यसको सदस्यता शुल्क न्यून हुनु पर्दछ ।

सहकारीको विकासको क्रममा सहकारीको सदस्यता स्वेच्छिक हुनु पर्दछ भन्ने मान्यताको पनि विकास भएको छ । सहकारीको सदस्य हुन कसैलाई बाध्य गराउन हुँदैन । सहकारीको सदस्य हुने वा नहुने र सदस्य भैसकेपछि कहिलेसम्म हुने भन्ने निर्णय सम्बन्धित व्यक्तिकै हुनु पर्दछ । सहकारीको कुनै सदस्यले सदस्यता त्याग्न चाहेमा सहकारीले निजलाई फिर्ता दिनु पर्ने रकम फिर्ता गरेर सहज रूपमा सदस्यता खारेज गर्नु पर्दछ ।

सहकारीको स्वेच्छिक र खुला सदस्यता सम्बन्धी सिद्धान्त नेपालका लागि पनि त्यत्तिकै सान्दर्भिक छ । नेपाल विभिन्न जात, वर्ण, धर्म र संस्कृतिको थलो हो । र मुलुकमा सुख, शान्ति र समृद्धि कायम गर्नका लागि सहकारीका माध्यमले विभिन्न समूहका व्यक्तिहरू एकआपसमा मिलेर सह कार्य गर्दै आफ्ना साझा आवश्यकताहरू पूरा गर्ने प्रचलनको विकास र विस्तार गर्दै जानु पर्दछ ।

सहकारी संस्थाको नियन्त्रण त्यसका सदस्यहरूद्वारा प्रजातान्त्रिक किसिमले हुनु पर्दछ भन्ने सहकारीको सुरुको मूल मान्यता अहिले पनि जस्ताको तस्तै लागु भइरहेको छ । सहकारी संस्थाका हरेक सदस्यको समान अधिकार हुन्छ । प्रारम्भिक सहकारी संस्थामा “एक सदस्य एक मत” को व्यवस्था हुन्छ । लगानीको आधारमा मताधिकार कायम हुँदैन । उदाहरणका लागि हजार, लाख, करोड जतिसुकै रुपैयाँको लगानी गर्नेको पनि एक मत हुन्छ । सहकारी संस्थामा गैरसदस्यले लगानी गर्न सक्ने भए पनि त्यस्तो लगानीकर्तालाई मताधिकार हुँदैन ।

सहकारीको दैनिक कार्य सञ्चालन गर्नका लागि सहकारीका सदस्यहरूले आफूमध्येबाट “एक सदस्य एक मत” का आधारमा सञ्चालक समितिको चयन गर्ने भएकाले सबै सदस्यको समान हैसियत हुन्छ र निर्वाचित अधिकारीहरू हरेक सदस्यप्रति उत्तिकै उत्तरदायी हुन्छन् । यदि कुनै निर्वाचित पदाधिकारीले सहकारीको सिद्धान्तअनुसार कार्य गरेन भने सहकारीका सदस्यहरूले निजलाई हटाउन सक्छन् ।

सहकारीलाई त्यसका सदस्यहरूले प्रजातान्त्रिक हिसाबले नियन्त्रण गर्ने पद्धति नेपालको लागि पनि त्यत्तिकै जरुरी छ । सहकारीमा सबै सदस्यहरूलाई तिनीहरूको मताधिकारको बारेमा जानकारी गराएर सक्रिय रूपमा मतदानमा भाग लिने वातावरण बनाउनु पर्दछ र सीमित व्यक्तिले हैकम जमाउने स्थिति रहनु हुँदैन । मुलुकमा शान्ति, समृद्धि, समानता तथा स्थिरता कायम गर्नका लागि नियमित, स्वतन्त्र र निष्पक्ष निर्वाचनका माध्यमले सञ्चालक वा शासक चयन गर्ने प्रजातान्त्रिक अभ्यास प्रवर्द्धन गर्दै जानु पर्दछ ।

शिक्षा, तालिम र सूचनाः शिक्षाको प्रवर्द्धन पनि सहकारीको सुरुकै मूल सिद्धान्त हो र पछि गएर यसमा तालिम तथा सूचना पनि थपिएको छ । सहकारीले आफ्ना सदस्यहरू, निर्वाचित प्रतिनिधिहरू, प्रबन्धकहरू र कर्मचारीहरूलाई सहकारीसम्बन्धी विस्तृत शिक्षा र तालिम प्रदान गर्नु पर्दछ । जसले गर्दा तिनीहरू सहकारीको विकासमा प्रभावकारी रूपमा योगदान दिन सकुन् । यसैगरी सहकारीले आफ्नो कारोबारका वारेमा नियमित रूपमा सबै सरोकारवालाहरूलाई जानकारी गराउनु पर्दछ ।

केही सहकारीका सञ्चालक तथा व्यवस्थापकले सहकारीका सिद्धान्तको पालना नगरेको कारणले नेपालको सहकारी क्षेत्रले ठूलो समस्या भोग्न परेको छ।

सहकारीको नियमन गर्ने निकायका कर्मचारीहरूलाई सहकारी सञ्चालन व्यवस्थाका बारेमा जानकारी हुनु जरुरी छ । यसैगरी सहकारीले आम जनता र खासगरी युवा र सामुदायिक नेताहरूलाई सहकारिताको प्रकृति, फाइदा आदिका बारेमा जानकारी गराउनु पर्दछ । सहकारीसम्बन्धी शिक्षा, तालिम र सूचनाहरूको नेपालमा पनि त्यत्तिकै आवश्यकता छ । सहकारीका बारेमा सरोकारवालाहरूलाई जानकारी नदिएकोले हाल सहकारी समस्या देखा परेको छ । यस्तो स्थिति भविष्यमा नदोहोरियोस् भन्नको लागि सहकारीका मूल्य, मान्यता र सिद्धान्त र प्रक्रियाका बारेमा सहकारीका सदस्य, सञ्चालक, व्यवस्थापक, कर्मचारीलगायत सवै सरोकारवालाहरूलाई राम्रो जानकारी गराउनु पर्दछ ।

सहकारीको सदस्यको आर्थिक सहभागिता सम्बन्धी सिद्धान्त सहकारीको व्यापारको आधारमा बचतको वितरण गर्ने सहकारीको सुरुको नियमको विस्तारित रूप हो । यसअनुसार सहकारीका सदस्यहरूले सहकारीमा समान रूपमा योगदान दिन्छन । र तिनीहरूले आफ्नो सहकारीको पुँजीलाई प्रजातान्त्रिक हिसाबले नियन्त्रण गर्दछन् ।

सहकारीको खुद आर्जनमध्ये केही रकम संस्थाको विस्तारलगायतका कार्यका लागि आरक्षित (रिजर्भ) गरिन्छ भने बाँकी लगानीको आधारमा नभै सदस्यहरूले संस्थामा गरेको कारोबार (मूल्य अभिवृद्धि) को आधारमा सदस्यलाई वितरण गरिन्छ । सहकारीमा सदस्यहरू नाफा वा घाटा दुवैका भागी हुन्छन् । “एकले सबैलाई र सबैले एकलाई” सहयोग गर्ने सहकारीको अवधारणाअनुसार सहकारीका सदस्यहरूले सहकारीको विकासका लागि मिलेर साधन जुटाउने र त्यसबाट सदस्यहरूको साझा आवश्यकता पूर्ति गर्ने पद्धति नेपालको लागि पनि त्यत्तिकै आवश्यक छ ।

सहकारी स्वायत्त र स्वतन्त्र संस्था हुन् । तिनीहरूमाथि सानो समूहको नभै सहकारीका सबै सदस्यको संयुक्त नियन्त्रण हुन्छ । सहकारीको सदस्यता सकेसम्म व्यापक होस् भन्नको लागि यसको सेयर सीमित व्यक्तिहरूलाई भन्दा सकेसम्म धेरै सदस्यहरूलाई वितरण गरिएको हुन्छ । सहकारीभित्र हरेक सदस्यको आ-आफ्नै स्वतन्त्रता भए पनि संस्था आफैं पनि एक स्वायत्त र स्वतन्त्र संस्था हो । सहकारी राजनीति, पारिवारिक वा अन्य कुनै संकीर्ण स्वार्थपूर्तिको लागि प्रयोग हुनु हुँदैन । नेपालमा पनि सहकारीलाई समुदायको भलो गर्ने स्वायत्त र स्वतन्त्र पवित्र संस्थाको रूपमा विकसित गर्नु पर्दछ ।

सहकारी विभिन्न विषय, क्षेत्र तथा आकारका हुन्छन् र तिनीहरूबीच तेर्सो र ठाडो रूपमा पारस्परिक सहयोग हुनु पर्दछ । तिनीहरूले मिलेर काम गरेमा सदस्यहरूलाई प्रभावकारी रूपमा सेवा प्रदान गर्नका साथै सहकारी आन्दोलनलाई सशक्त बनाउन सक्छन् । विभिन्न सहकारीले विभिन्न क्षेत्रमा दक्षता हासिल गरेको हुन्छ र तिनीहरू मिलेर संयुक्त रूपमा काम गरेमा झनै राम्रो कार्य गर्न सक्छन् । सहकारीको आदर्शअनुसार तिनीहरूले आपसमा प्रतिस्पर्धा गर्ने नभै सहयोग गर्ने हो । त्यसबाट स्थानीय तहको विकास र समुदायको भलो हुने हुन्छ । नेपालमा पनि सहकारीले आपसमा मिलेर काम गर्नु पर्दछ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारीसँग पारस्परिक सहयोग गर्ने, नयाँ नयाँ सहकारीहरू स्थापना गर्नका लागि सहयोग जुटाउने गर्नु पर्दछ ।

समुदायतप्रतिको चासोः सबै सहकारीहरूले आफ्नो र आफ्नो सहकारीका सदस्यहरूका साझा आर्थिक, सामाजिक तथा सांस्कृतिक आवश्यकता तथा आकांक्षाहरू पूरा गर्नका साथै आफ्नो संस्था बाहिरका स्थानीय समुदायहरूको विकासमा पनि योगदान दिनु पर्दछ । सहकारीले समुदायको विकासका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ । तिनीहरूले आफ्ना सदस्यहरूद्वारा अनुमोदित नीतिहरूमार्फत समुदायको दिगो विकासमा टेवा पुऱ्याउनु पर्दछ । सहकारीले नेपालमा पनि दिगो सामुदायिक विकासका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै जानु पर्दछ ।

सहकारी निश्चित मूल्य, मान्यता तथा सिद्धान्तका आधारमा सञ्चालित व्यवसाय हो । आजभन्दा १ सय ८० वर्ष अगाडि विकसित गरिएका सहकारीका सात सिद्धान्तहरूमध्ये पाँच सिद्धान्तहरू जस्ताको तस्तै वा परिमार्जित रूपमा लागू भइरहेका छन् भने वर्तमान अवस्थामा सुरुका राजनीतिक र धार्मिक तटस्थता र नगद व्यापारको सट्टा स्वायत्तता र स्वतन्त्रता, सहकारी-सहकारीबीच पारस्परिक सहयोग र समुदायप्रतिको चासो जस्ता सिद्धान्तहरू लागू भएका छन् । वर्तमान परिप्रेक्ष्यमा विश्वमा विकसित हुँदै गएको मान्यताअनुसार सहकारीको आठौं सिद्धान्तको रूपमा “विविधता, समानता र समावेशीकरण” थपिन सक्छ ।

केही सहकारीका सञ्चालक तथा व्यवस्थापकले सहकारीका सिद्धान्तको पालना नगरेको कारणले नेपालको सहकारी क्षेत्रले ठूलो समस्या भोग्नु परेको छ । नेपालका अर्थतन्त्रमा सहकारीको भूमिकालाई मध्यनजर गरेर सहकारी क्षेत्रमा देखिएका वर्तमान समस्याहरूलाई समाधान गरेर आगामी दिनमा सहकारीलाई यसको मूल्य, मान्यता र सिद्धान्तका आधारमा कार्यान्वयन गर्नुपर्छ । सहकारीका सिद्धान्तको पालना नगर्नेलाई तुरुन्त कडा कारबाही गर्ने प्रथा बसाल्नु जरुरी छ ।

जनहितमा जारी सन्देश

- ✓ समयमा कर तिरौं, नगरको विकासमा सहभागी बनौं ।
- ✓ जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाई-सराई लगायतका घटनाहरु समयमै दर्ता गरौं ।
- ✓ सरसफाई हामी सबैको पहिचान हो । स्वस्थ जीवनयापनका लागि आफ्नो घर-आगन, सडकपेटी जथाभावी फोहर फाल्ने काम नगरौं ।
- ✓ नगरलाई पदुषण मुक्त गरी हाराभरा बनाऔं ।
- ✓ वातावरण हामी सबैका साझा सम्पती हो ।
- ✓ जथाभावी फोहर नफालौं र आफ्नो क्षेत्र सफा राख्न सहयोग गरौं ।
- ✓ लैंगिक हिंसा सामाजिक अपराध हो । हामी सबै मिलेर लैंगिक हिंसा मुक्त गरौं ।

हरिपुर्वा नगरपालिका
हरिपुर्वा, सर्लाही

॥समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौ । - महागढीमाई नगरपालिका, बारा

## अन्तराष्ट्रिय समाचार

# उत्तरी गाजामा इजरायली हमला, ५५ जनाभन्दा बढीको मृत्यु

एजेन्सी- गाजाको उत्तरी जिल्ला बेत लाहियाको आवासीय भवनमा मंगलबार भएको इजरायली हमलमाा ५५ जनाभन्दा बढीको मृत्यु भएको नागरिक सुरक्षा एजेन्सीले जनाएको छ ।

मंगलबार राति बेत लाहियाकामा इजरायलले प्रहार गर्दा अबु नस्र परिवारको आवासीय भवनको भग्नावशेषमा उनीहरूको मृत्यु हुनुका साथै दर्जनौँ घाइते भएको एजेन्सीका प्रवक्ता महमुद बासलले बताए।

हमलामा मृत्यु भएका १५ जनाको शव कमल अदवान अस्पतालमा ल्याइएको अस्पतालका निर्देशक हुसाम अबु साफियाले जानकारी दिए। उनले घटनामा ३५ जना घाइते भएको र तीमध्ये अधिकांश बालबालिका रहेको र उनीहरूको अस्पतालमा उपचार भइरहेको बताए।

सफियाले अस्पतालमा निरन्तर मृतक तथा घाइतेहरू आइरहेको बताउँदै कर्मचारी र औषधिको अभावका कारण अस्पतालमा बिरामीहरूको उपचार गर्न गाह्रो भइरहेको उल्लेख गरे ।

उनका अनुसार जबलियामा सैन्य कारबाहीका क्रममा अस्पतालमा आक्रमण गर्दा सेनाले चिकित्सक टोली र कामदारहरूलाई पक्राउ गरेपछि कमल अदवान अस्पतालमा प्राथमिक उपचार सामग्री बाहेक अरू केही बाँकी छैन । गत हप्ता गाजाको स्वास्थ्य मन्त्रालयले इजरायली सेनाले अस्पतालमा आक्रमण गरेको जनाएको थियो ।

गत अक्टोबरदेखि सेनाले उत्तरी गाजाका जबालिया, बेत लाहिया र बेत हानुनका क्षेत्रहरूमा व्यापक आक्रमण गरेको छ। यसलाई सेनाले हमास लडाकुलाई पुनः समूहबद्ध हुनबाट रोक्नका लागि गरेको अपरेसनका रूपमा वर्णन गरेको छ ।

मंगलबार जारी विज्ञप्तिमा सेनाले विगतका दिनमा जबलियामा धेरै आक्रमण गरेको र करिब ४० जना आतंकवादीको मृत्यु भएको जनाएको छ ।

नागरिक सुरक्षा एजेन्सीले आक्रमण सुरु भएदेखि दशौँ हजार प्यालेस्टिनी उत्तरी गाजाबाट भाग्न बाध्य भएको तथा सयौँको मृत्यु भएको रिपोर्ट गरेको छ ।

---

## पर्सा-बारा...

अशोक स्टील इण्डष्ट्रिजमा तिन सय २५ जना गरी करिब तिन हजार तिन सय पाँच जना श्रमिकहरु यस क्षेत्रका उद्योगहरुमा कार्यरत थिए ।

वीरगंज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष हरि गौतमले उद्योगहरुमा आन्तरिक विद्युत आपूर्तिको गुणस्तर कमजोर हुँदा उत्पादनमा ह्रास आइरहेको अवस्थामा हाल विद्युत आपूर्ति बन्द हुँदा बेरोजगारीको समस्या अझ चर्किने बताए । यसैगरी, संघका पूर्व अध्यक्ष प्रदीप केडियाले प्लास्टिक र भट्टीमा आधारित उद्योगहरु बन्द हुने सम्भावना रहेको जनाउँदै, यसले मजदुर र व्यवस्थापनबीच द्वन्द्वको स्थिति निम्त्याउन सक्ने चेतावनी दिए ।

नेपाल विद्युत प्राधिकरणका प्रवक्ता चन्दन कुमार घोषले देशभरका १२ वटा उद्योगहरुले किस्ताबन्दीमा बक्यौता रकम तिरेर विद्युत सुचारु गरिसके पनि वीरगंज -पथलैया करिडोरका उद्योगहरुले अझै बक्यौता नतिरेको जानकारी दिए। सँम्भार: यात्रा डेली

---

नेपाल सरकार
भुमी ब्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमी ब्यवस्थापन तथा अभिलेख बिभाग

### मालपोत कार्यालय

### सिम्रौनगढ बारा

### विषय - हक दाबि सम्बन्धि ३५ दिने सार्वजनिक सुचना

उप्रान्त श्री मगन महतो नुनियाको नाति श्री सकिचन महतो नुनियाको छोरा जिल्ला बारा गा.बि.स.उचिडिह वडा नं .-१ हाल सिमरौनगढ न.पा .-५ बस्ने श्री फुलमतिया देबि समेत-४ जना ले तपसिल बमोजिमको किता जग्गा नामसारी,दा.खा.श्रेस्ता अध्यावधिक श्रेस्ता अध्यावाधिक गरि नामसारीगरि पाऊ भनी माग गर्नु भएको हुदा उलेखित जग्गा निज निवेदकको हो/होईन को कसको हक भोग चलन भित्रको हो । सो जग्गामा को कसको हक अधिकार छ । हकदारहरु के कति छन रुमाग निबेदनको जग्गा सरकारी,सार्वजनिक प्रकुतिकको वा गुठि आदि भित्र पर्ने जग्गा हो/हैन । माग निबेदन बमोजिम जग्गा दर्ता वा नामसारी वा दाखिल खारिज संशोधन र श्रेस्ता अध्यवाधिक गरि दिदा अन्य कोहि कसैले कुनै व्यहोराबाट फरक पर्छ/पर्दैन । सो जग्गामा अन्य कोहि कसैले कुनै व्यहोराबाट यस अगाडी दर्ता सम्बन्धि निबेदन दिए नदिएको के छ । सो समेत यकिनका लागि हकदाबी सम्बन्धि ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ । माग निबेदनको जग्गा दर्ता, नामसारी दाखिल खारिज, संशोधन र श्रेस्ता अध्यावाधिक गर्न नमिल्ने भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा उजुर बाजुर गर्न आउनुहुन जानकारी गराइन्छ ।

| गा.बि.स | वाड नं. | किता नं. | क्षेत्रफल | मोहि | ज.ध |
|---|---|---|---|---|---|
| उचिडिह | १ | ३०६ | ०-२-१० | सकिचन महतो नुनिया | सकिचन महतो नुनिया |
| उचिडिह | १ | ३१४ | ०-३-५ | सकिचन महतो नुनिया | सकिचन महतो नुनिया |
| उचिडिह | १ | ३१७ | ०-४-५ | सकिचन महतो नुनिया | सकिचन महतो नुनिया |
| उचिडिह | १गा. | ५ | ०-०-६ | सकिचन महतो नुनिया | सकिचन महतो नुनिया |

यसमा सिमरौनगढ न.पा.-५ को च. न.१९८ मिति २०८१/५/२७ को किटानी सिफारिस प्रतिलिपी पुर्जा मृत्यु दर्ता प्रमाण पत्र समेतको अधारमा मिति २०५५/११/६ मा सकिचन महतो नुनिया प्रलोक भए पछि निज पछिको अपुताली हक खाने निजका एक मात्र पत्नी फुलवा देबि पनि २०३३ साल अगावै देवहासन भई निजको दामपतय जीवन बाट ४ जाना छोराहरुको जायजन्म भएको छोरा रामअश्रे महतो नुनियाको २०५०/०६/१७ मा प्रलोक भए पछि निजको पत्नी फुलमतिया देबि र तीन वटा अन्य छोराहरु श्रेस्ता अध्यावधिक गरि नामसारी गरि दिनको लागि माग दाबी गरेको हो ।

**विश्रामपुर गाउँपालिका**
**विश्रामपुर, बारा**

**जनहितका लागि जारी गरिएको सन्देश**

- सार्वजनिक स्थलमा फोहोर नफालौं, गाउँलाई सफा राखौं,
- छोरा छोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन् । बालबालिकाको लालनपालन र शिक्षा दिक्षामा लगानी गरौं,
- जन्म, विवाह, बसाईंसराइँ, मृत्यू आदि व्यक्तिगत घटनाहरु दर्ता गरौं,
- आफ्नो व्यक्तिगत आम्दानी, घर बहाल वा व्यवसायको कर समयमा तिरौं,
- बालश्रमको प्रयोग नगरौं । बालश्रम मुक्त नगर बनाऔं, सबै बालबालिकाहरुलाई विद्यालय पठाऔं,
- गाउँको विकासमा योगदान गरौं, नगरका हरेक गतिविधिमा चासो राखौं ।
- प्लाष्टिकजन्य पदार्थ लगायत फोहोर सामाग्रीहरु नबालौं । यस्ता सामान बाल्दा कार्सिनोजेन उत्पन्न भई क्याम्पस जस्तो भयाबह रोग लाग्न सक्छ,
- गाउँलाई वातावरणमैत्री गाउँको रुपमा विकास गरौं, वातावरणमैत्री स्थानीय साशन अबलम्बन गरौं ।
- घरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने गरी २ भागमा छुट्याएर कुहिनेलाई कम्पोट मल बनाई प्रयोग गरौं वा फोहोर संकलन बहानमा मात्र फोहोर फाल्ने बानी बसालौं ।

प्रमुख प्रसाशकीय अधिकृत

**विपदबाट बचौं र बचाऔं, विपद् आकस्मिक रूपमा आउने हुँदा :**

❖ विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं, समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
❖ प्रहरी, दमकल, एम्बुलेन्स लगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं, विपद् आईहालेमा नआत्तिऔं,
❖ बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्यार राखौं,
❖ विपत्तिमा परेकालाई उद्धार पुनर्स्थापनामा सहयोग गरौं,
❖ विपद् सम्बन्धी सचेतना फैलाऔं,
❖ विपद्बाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।

**परवानीपुर गाउँपालिका**
**लिपनीमाल , बारा**

**विपदबाट बचौं र बचाऔं, विपद् आकस्मिक रूपमा आउने हुँदा :**

❖ विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं, समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
❖ प्रहरी, दमकल, एम्बुलेन्स लगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं, विपद् आईहालेमा नआत्तिऔं,
❖ बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्यार राखौं,
❖ विपत्तिमा परेकालाई उद्धार पुनर्स्थापनामा सहयोग गरौं,
❖ विपद् सम्बन्धी सचेतना फैलाऔं,
❖ विपद्बाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।

**महागढीमाई नगरपालिका**
**बरियारपुर ,बारा**

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**
**देवताल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय**
**पिप्राढीगोठ, बारा**

**पर्यटकीय स्थलको संरक्षण र प्रचार प्रसार गरौ, नगरको विकासमा जुटौ ।**

**तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - देवताल गाउँपालिका, बारा**

# आयुर्वेद दिवसको अवसरमा बिरगंज स्थित भारतीय राजदूतावास द्वारा कार्यक्रमको आयोजना

*पवन प्रसाद साह*
*वीरगंज , १३ कार्तिक*

आयुर्वेद दिवसको अवसरमा बिरगंज स्थित भारतीय राजदूतावास द्वारा आयुर्वेदको कार्यक्रमको मँगलबार आयोजना गरेको छ ।

कार्यक्रममा सम्बोधन गर्दै बिरगंज भारतीय महावाणिज्यका दूतावास प्रमुख डि.एस.मिनाले आयुर्वेद लगायत परम्परागत चिकित्साको क्षेत्रमा भारत सरकार द्वारा नेपालमा सहयोगको रूपरेखा र ज्ञान, विशेषज्ञता र क्षमता अभिवृद्धिको माध्यमबाट आयुर्वेदमा सहयोग प्रवर्द्धन गर्न गरिएका विभिन्न पहलहरूको बारेमा बताएका थिए । भारत सरकारले २०१६ देखि प्रत्येक वर्ष धनवंतरी जयन्ती (धनतेरस) मा आयुर्वेद दिवस मनाउँदै आएको छ। २९ अक्टोबर २०२४ मा ९ औं आयुर्वेद दिवस 'एक स्वास्थ्यको लागि आयुर्वेद - हरेक दिन प्रत्येकको लागि आयुर्वेद' भन्ने विषयलाई केन्द्रित गरिएको छ।

Consulate General of India, Birgunj (Nepal)
भारत का महावाणिज्य दूतावास, बीरगंज (नेपाल)
9th Ayurveda Day
29th-October-2024
नौवां आयुर्वेद दिवस
29-अक्टूबर 2024
"Ayurveda Innovation for Global Health"
"वैश्विक स्वास्थ्य के लिए आयुर्वेद नवाचार"

भारतीय दूतावासमा बिरगंज स्व एक पृथ्वी एक स्वास्थ्य दृष्टिकोणको भावनामा आयुर्वेदको प्रवर्द्धन मार्फत भारत र नेपालबीचको थप सम्बन्धलाई बलियो बनाउन प्रतिबद्ध जाहिर गरिएको थियो । त्यसतै उक्त कार्यक्रममा वरिष्ठ पत्रकार चन्द्र किशोर झा,डा.देवेश चन्द्र पाठक,डा.सुचित कुमार शर्मा,डा.शिव नारायण गुप्तालाई दोसल्ला ओढाइ सम्मान गरिएको थियो भने कार्यक्रममा वीरगन्ज उधोग वाणिज्य संघका अध्यक्ष अनिल कुमार अग्रवाल,उपाध्याक्ष माधव राजपाल,बरिष्ठ उधोगपति अशोक बैध,काउन्सुलर आई.सि.एस.मनिस कुमार दास,ईसिसी सतिश पत्तापु,काउन्सुलर पि.सि.एस. सन्जय कुमार उपस्थिति रहेका थिए । भने सहजीकरण कोन्सुल. तरुन कुमारले गरेका थिए ।

# बाराको कोल्हवीमा शान्ति बृद्धा फाउन्डेसनको आयोजनामा बिधार्थीहरुलाई ब्याग बितरण

*अशेष ढुंगाना*
*कोल्हवी , १३ कार्तिक*

बाराको कोल्हवी नगरपालिका वडा न.९ मा रहेको शान्ति बृद्धा फाउण्डेसनको आयोजना तथा कोल्हवी वडा न.९ अडेम्बाका समाजसेवी जयनारायण चौधरीको सहयोगार्थ ९ न.वडामै रहेको श्री ने.रा.आ.प्रा.बि का १२४ साना बिधार्थीहरुलाई स्कुल ब्याग बितरण गरिएको छ ।

उक्त ब्याग बितरण कार्यक्रममा अतिथिका रुपमा वडा न.९ का वडा सदस्य प्रभा देबि चमैन,भुपेन्द्र चौधरी, संस्थाका सल्लाहकार हरिहर चौधरी,तामागढी हस्पिटलका संचालक बिबेक चौधरि,प्र.अ गगन देब चौधरी,रतन चौधरी लगायतका महानुभावहरुको उपस्थिती रहेको थियो । कार्यक्रममा शुभकामना मन्तब्य संस्थाका सल्लाहकार हरिहर चौधरिले गर्नु भएको थियो भने ब्याग बितरण विभिन्न ब्यक्तित्वहरुले गर्नु भएको थियो

। सोही अवसरमा अडेम्बाका समाजसेवी जयनारायण चौधरीलाई संस्थाका अध्यक्ष,उपाध्यक्ष कोषाध्यक्ष लगायतकाले दोसल्ला ओढाउनुका साथै शान्ती बृद्धा फाउन्डेसनले सम्मान पत्रका साथ सम्मान गरेको थियो । संस्थाले आफ्नो स्थापना कालदेखि नै कोल्हवी नगरपालिका भित्र विभिन्न सामाजिक क्षेत्रमा काम गर्दै आईरहेको छ । आगामी दिनहरुमा पनि यस्ता सामाजिक कार्य अगाडि बढाउदै लैजाने अध्यक्ष प्रेम नारायण चौधरिले बताउनु भएको छ ।

फाउन्डेसनका अध्यक्ष प्रेम नारायण चौधरीको सभापतित्वमा भएको उक्त कार्यक्रममा समाजसेवि जयनारायण चौधरीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

# शान्तिपूर्ण तरिकाले मुर्ति विसर्जन गर्न प्रजिअ अर्याल तथा नगर प्रमुख शाहको आग्रह

*अजय मिश्रा*
*कृष्णनगर, १३ कार्तिक*

कपिलवस्तुक प्रमुख जिल्ला अधिकारी (प्रजिअ) विश्व प्रकाश अर्यालले तिहारलाई सभ्य र शान्तिपूर्ण तरिकाले मनाउन आग्रह गरेका छन ।

कपिलवस्तुको कृष्णनगर नगरपालिकामा आयोजित शुभदिपावली, छठ पर्वको शुभकामना आदानप्रदान तथा मूल मूर्ति विसर्जन समितिको छलफल कार्यक्रममा बोल्दै उहाले तिहारमा अनावश्यक अतिशबाजी नगर्न र पटका जस्ता पदार्थ नपडकाउन अनुरोध गर्नुभयो । प्रजिअ अर्यालले भन्नुभयो, "कपिलवस्तुमा सामाजिक सद्भाव कायम गर्न सबैले हातेमालो गर्नु पर्छ ।" उहाले तिहार पर्वले आपसी मेलमिलाप र भाइचारा प्रवर्द्धन गर्ने अवसरका रूपमा लिनुपर्नेमा जोड दिनुभयो ।

कृष्णनगर नगरपालिकाका नगर प्रमुख रजत प्रताप शाहले नगरवासीलाई धन्यवाद दिंदै आपसी सद्भाव र सहकार्यमा ध्यान दिन आग्रह गर्नु भयो । तिहारको अवसरमा सबैले सभ्य तरिकाले मुर्ती विसर्जन गर्न नगर प्रमुख शाहले अनुरोध गर्नु भयो ।

कपिलवस्तुका प्रहरी उपरीक्षक निरन्जन दत्ता भट्टले तिहार पर्वको सुरक्षा व्यवस्था मजबुत बनाउन निर्देशन दिनुभयो । उहाले भन्नू भयो "सबैले कानुनको पालना गर्दै सभ्य र

सुरक्षित पर्व मनाउनु होला ।"

सशस्त्र प्रहरी उपरीक्षक रामजंग शाहले तिहार मेलमिलापको भएको बताउनु भयो । सामाजिक सद्भाव र अनुशासनमा एकताबद्ध रहन अनुरोध गर्नु भयो ।

सशस्त्र नायब उपरीक्षक भीम निधि खनालले सामाजिक सद्भावको सन्देश दिने पर्वमा अतिशबाजीको प्रयोगले असुरक्षा निम्त्याउन सक्छ, त्यसैले संयमित रहन सबैलाई आग्रह गर्नुभयो । समाजसेवी भारत किसोर चौधरीले तिहार केवल एक पर्व होइन, यसले आपसी सम्बन्धलाई अझ प्रगाढ बनाउँने भएकाले सभ्य रुपमा मनाउन अनुरोध गर्नु भयो । कृष्णनगरमा मूर्ति विसर्जन १९ गते हुने इलाका प्रहरी कार्यालय कृष्णनगरका प्रमुख प्रहरी निरिक्षक सुरज खत्रीले जानकारी दिए। कार्यक्रममा जावेद आलम खान, नारायण कानोडिया, वडा अध्यक्ष हरिपाल चतुर्बेदी, कृष्ण कुमार गुप्ता, सगिर अहमद खा, कृष्णनगर इलाका प्रहरी निरीक्षक सुरज खत्री, कृष्णनगर उद्योग वाणिज्य संघका अध्यक्ष राम कुमार गुप्ता, ट्राफिक प्रहरी नायब निरीक्षक चुडामणि पोखेल, समाजसेवी अशिष कौशल, वृजेश गुप्ता, राहुल मोदनवाल, नसरुल्लाह खान, अब्दुल अजिज जहिद, स्थानीय पत्रकार लगायतको सहभागिता रहेको थियो । कार्यक्रममा बोल्ने वक्ताहरुले शुभ दिपावली, छठ पर्वको शुभकामना दिनुभएको थियो ।

# देवाही गोनाही घटनालाई लियर पक्राउ परेका साहलाई बिनासर्त तत्काल रिहा नगरेमा कडा आन्दोलन हुने आजपाको चेतावनी

*रूपेश यादव*
*रौतहट , १३ कार्तिक*

आम जनता पार्टी (आजपा) का केन्द्रीय सदस्य तथा समाजसेवी राजेश साहलाई सत्ताधारी राजनीतिक पूर्वाग्रहको आडमा रौतहट प्रहरीले पक्राउ गरेकोमा उनलाई बिनासर्त तत्काल रिहा गर्न पार्टीले माग गरेको छ ।

आजपा प्रवक्ता चन्द्रभुषण साहले मँगलबार एक बिज्ञप्ती जारी गर्दै केन्द्रीय सदस्य साहलाई रिहा नगरिए कडाभन्दा कडा संघर्षका कार्यक्रम गर्न बाध्य हुने चेतावनी दिएका छन् ।

प्रहरी प्रशासनको तर्फबाट दिनानुदिन बढ्दै गएको यी र यस्ता पक्षपातपूर्ण रबैयामा समयमै सुधार गर्न आजपाले आग्रह समेत गरेको छ ।

केन्द्रीय सदस्य साहलाई सत्ताधारी शक्तिको राजनीतिक पूर्वाग्रहको आडमा यहीं कार्तिक ९ गते शुक्रबारको दिन गिरफ्तार गरी विगत ५ दिनदेखी प्रहरी नियन्त्रणमा राखेको घटनाप्रति आजपले गम्भिर ध्यानाकर्षण भएको जनाएको छ ।

रौतहट जिल्लाको देवाहीगोनाही नपा - ०९, धरहरी स्थित श्री जय किसान माविको प्रअ संजय साहलाई विद्यालय एवं विद्यार्थीको भविष्य बिग्रने गरी आम विद्यार्थी एवं अभिभावकहरुको मनोभावना विपरीत मेयर प्रेमलाल साहले आफ्नो व्यक्तिगत कुण्ठा एवं राजनीतिक प्रतिशोध साध्न बलपूर्वक

आम जनता पार्टी
AAM JANATA PARTY
केन्द्रीय समिति (Central Committee)
मिति: २०८
प्रेस विज्ञप्ती
mjanataparty1@gmail.com
+977-9851122163

सरुवा विवाद सृष्टि गरेकोले आफ्नो भविष्यप्रति चिन्तित सोही विद्यालयका विद्यार्थीहरुद्वारा बाध्यतावश भएको प्रदर्शनको घटनालाई समयमै वार्ता र संवादबाट समस्याको ठोस एवं दीर्घकालिन समाधान निकाल्नुको सट्टा यसरी उल्टै राजनीतिक दबाव, प्रभाव एवं पूर्वाग्रहको आडमा पीडित स्थानीय समाजलाई झन् पीडित बनाउने उद्देश्यले राजेश साहलाई नियन्त्रणमा राखेको दुरासयपूर्ण हर्कतको घोर भर्त्सना गर्दै विना शर्त शिघ्र रिहाईको माग गर्दछु' आजपा प्रवक्ता साहले जारी गरेको बिज्ञप्तीमा उल्लेख गरिएको छ ।

पक्राउ गरिएका केन्द्रीय सदस्य साहलाई बिना सर्त तत्काल रिहा नगरिएको पार्टीले गर्ने संघर्षबाट उत्पन्न हुने परिस्थिति एवं क्षतिको सम्पूर्ण जिम्मेवारी नेपाल प्रहरी एवं राज्य पक्षले नै लिनुपर्ने चेतावनी आजपाले दिएको छ ।

# कलैया बजार लगायत बारामा छ्यापछ्याप्ती पटाका बिक्रि बितरण हुँदै, प्रहरी प्रशासन मौन

*कलैया, १३ कार्तिक*

तिहार र छठ पर्वको आगमन सँगै कलैया बजार लगायत बारामा छ्यापछ्याप्ती पटाका बिक्रि बितरण हुँदै गरेको देख्न सकिन्छ। साथै प्रहरी प्रशासनले देखे पनि नदेखे जस्तो गरेका छन् ।

नेपाल प्रहरी र सशस्त्र प्रहरीले बाराको सिमानाका कडाई गरेको नमुना नै कलैया बजार सहित बारामा छ्यापछ्याप्ती पटाका बिक्रि बितरणले देखाएको छ । साथै बाराको सदरमुकाम कलैयाको बजारमा नै खुलेयाम बिक्रि बितरण भईरहेकोमा जिल्ला प्रहरी कार्यालय माथि नै शँका उत्पन्न भएको छ ।

जिल्ला प्रहरी कार्यालय बारा र सशस्त्र प्रहरी नेपाल १२ नम्बर गणले सिमानाका कडाई गरेको दाबी गरे

पनि फितलो व्यवस्थापन भएको समेत पटाका बिक्रि बितरणले प्रमाणित गरेको छ । बाराको सदरमुकाम कलैयासम्म नै नेपाल सरकारले प्रतिबन्ध गरेको पटाका उपल्बध हुनु र खुल्लेआम तरीकाले बिक्रि बितरण हुनुमा प्रहरी प्रशासन माथि नै प्रश्न चिह्न खडा भएको छ ।

# पर्सा-बारा औद्योगिक करिडोरमा हजारौं मजदुर बेरोजगार, उद्योग ठप्प

*बीरगंज, १३ कार्तिक*

नेपालकै प्रमुख औद्योगिक करिडोर वीरगंज-पथलैया क्षेत्रमा सञ्चालित उद्योगहरु ठप्प भएपछि हजारौं मजदुर बेरोजगार बनेका छन् । डेडिकेटेड र ट्रंकलाइनको महशुल नतिरेपछि नेपाल विद्युत प्राधिकरणले विद्युत आपूर्ति बन्द गर्दा उद्योगहरु प्रभावित भएका हुन् । यस घटनाले औद्योगिक करिडोरमा सञ्चालित बहुराष्ट्रिय कम्पनी र स्वदेशी लगानीका उद्योगहरुमा कार्यरत मजदुरहरुको रोजगारी संकटमा परेको समग्र उद्योग ट्रेड युनियनका अध्यक्ष आनन्द थामीले बताए ।

थामीका अनुसार, विद्युत आपूर्ति पुनः सुचारु नभएसम्म आधा पारिश्रमिक दिएर मजदुरहरुलाई काममा राख्ने तयारी भए पनि यो अवस्था लामो समय कायम रहेमा श्रम सम्बन्धमा

समस्या आउन सक्ने चेतावनी उनले दिए । यसअघि नै पथलैया-वीरगञ्ज करिडोरका केही छड र सिमेन्ट उद्योग आंशिक सञ्चालनमा मात्र रहँदा हजारौं श्रमिकले रोजगारी गुमाएका थिए । बेरोजगारीको समस्याले यस क्षेत्रमा थप समस्या ल्याउने सम्भावना देखिएको थामीको भनाइ छ । उनका अनुसार, हुलास स्टील इण्डष्ट्रिज लिमिटेडमा एक हजार एक सय जना, जगदम्बा स्टील इण्डष्ट्रिजमा एक हजार ६ सय २५ जना, हामा आइरन एण्ड स्टीलमा दुई सय ५५ जना र

(बाँकी तेस्रो पेजमा)

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - प्रसौनी गाउँपालिका, बारा